का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० भदौ २०७९,
बिहीबार
15 September 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २२२ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## टीआरसी विधेयक

# छलफल हुन्छ, निष्कर्ष निस्कन्न

विस्तृत शान्ति सम्झौता भएको १६ वर्ष बितिसक्दा पनि संक्रमणकालीन न्याय सम्बन्धी विषय ज्युँका त्युँ छ । यसबीचमा बनेका हरेक सरकारले यो विषयमा छलफल चलाए तर, अझै निष्कर्ष निस्कन सकेको छैन् ।



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

बुधबार टीआरसी विधेयक (बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक) प्रतिनिधिसभाबाट पारित गर्ने तयारी थियो । नेताहरूका अनुसार प्रतिनिधिसभाको कानुन न्याय मानव अधिकार समितिले सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी प्रतिवेदन प्रतिनिधि सभामा पेश गर्ने वातावरण बनाउन प्रतिनिधि सभाको बिहान ११ बजे बोलाइएको बैठक दिउँसो १ बजेलाई सारियो । तर, कानुन समितिले विधेयक नै पारित गर्न सकेन ।

बिहान १० बजे बोलाइएको कानुन समितिको बैठक बिहीबार मात्रै पटकपटक बस्यो । सहमति खोज्न सात सदस्यीय कार्यदल गठन भयो । सात सदस्यीय कार्यदलमा नेकपा एमालेको तर्फबाट शेरबहादुर तामाङ र विमला बिक, नेपाली कांग्रेसबाट मीन विश्वकर्मा र अतहरकमाल मुसलमान, माओवादी केन्द्रबाट देव गुरुङ र वर्षमान पुन तथा लोसपाबाट लक्ष्मणलाल कर्ण सदस्य थिए । कार्यदलको बैठक दिउँसो १ बजे र साँझ ६ बजेपछि गरी दुई पटक औपचारिक रुपमै बस्यो । अनौपचारिक रुपमा पछि छलफल भए तर, निकास निस्किएन् ।

यस्तो दृष्य पहिलो पटक देखा परेको भने होइन । विस्तृत शान्ति सम्झौता भएको १६ वर्ष भयो । त्यसपछि बनेका हरेक सरकारले यो विषयमा छलफल चलाए तर, अझै निष्कर्ष निस्कन सकेको छैन् । परिणाममा सङ्क्रमणकालीन न्याय सम्बन्धी विषय ज्युँका त्युँ छन् ।

शान्ति प्रक्रियासँग जोडिएको एउटा पक्ष माओवादी भने केही लचक रुपमा प्रस्तुत भएको छ । द्वन्द्वकालीन घटनामा विशेष अदालतले गर्ने फैसलाविरुद्ध पुनरावेदनमा जान सक्ने व्यवस्था राख्न नसकिने अडानबाट पछाडि हटेर विधेयक अगाडि बाउन तयार भएको छ ।

स्वमं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यो विधेयकलाई सहमतिबाटै पास गर्नुपर्नेमा जोड दिए । साथसाथै उनले मानवअधिकारको गम्भीर उल्लंघनबारे पीडित र मानवअधिकार आयोगले उठाएको चासोलाई सकेसम्म सम्बोधन गर्नुपर्ने बताए । 'हामीले सहमतिका साथ टुंग्यायौं भन्दा जाने सन्देश एउटा हुन्छ । सहमति हुन सकेन वा अल्पमत बहुमत गरेर टुंग्यायौं भन्दा जाने सन्देश अर्को हुन्छ' प्रचण्डले भनेका छन् ।

सरकारले ल्याएको विधेयकमा मानवअधिकार उल्लंघन र मानवअधिकारको गम्भीर उल्लंघन भनेर छुट्याइएको छ । यसमा पीडित पक्षले विरोध गरेपछि के गर्ने भन्ने बहस छ । समितिको छलफलमा माओवादी नेता वर्षमान – बाँकी पृष्ठ २ मा



आर्बिटरी किलिङ अर्थात स्वेच्छाचारी हत्या भनेर गम्भीर मानव अधिकार उलंघनमा राख्न सकिन्छ । वा अरु शब्द राखेर पनि जान सकिन्छ । अपिलको कुरा पनि सडकमा उठेको छ, भाषा मिलाएर राखिदिउँ भन्नेमा छु म चाहिँ ।

**– प्रचण्ड**
**अध्यक्ष, माओवादी केन्द्र**

# देशभर डेंगु

सरकारी तथ्याङ्कअनुसार, डेंगुको प्रकोप लगभग देशभर फैलिएको छ । ९ जनाको मृत्यु भइसकेको डेंगुबाट संक्रमित हुने संख्या एघार हजार नाघेको छ ।



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

लामखुट्टेबाट सर्ने डेंगुको प्रकोप देशभर फैलिएको छ । राजधानी उपत्यकामा महामारीकै रुपमा देखिएको डेंगु देशभर समस्या बनेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । केही वर्षसम्म गर्मी हुने स्थानमा मात्रै देखिने डेंगु अहिले लगभग देशभर देखिएको छ ।

सबैभन्दा बढी प्रकोप बागमती प्रदेशमा देखिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इपीसीडी) ले मुलुकको ७५ जिल्लामा डेंगु देखिएको जनाएको छ । पछिल्लो समय डेंगुको संक्रमण तीव्र बनेको पनि जनाइएको छ ।

बुधबार मात्रै १२३० जनामा डेंगुको संक्रमण देखिएको छ । यो सहित डेंगुको संक्रमित संख्या ११,०६५ पुगेको छ । इडीसीडीको तथ्याङ्क अनुसार, बागमती प्रदेशमा मात्रै ८,३९० जनामा डंगुको संक्रमण देखिएको छ । प्रदेश-१ मा ३४७, मधेश प्रदेशमा १९८, गण्डकीमा २२४, लुम्बिनीमा १४२१, कर्णालीमा १६२ र सूदुरपश्चिम प्रदेशमा ३२३ जनामा संक्रमण देखिएको छ ।

संक्रमणकै कारण ९ जनाको मृत्यु भइसकेको छ । डेंगु एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेको टोकाइबाट हुने संक्रमण हो । अहिले त्यही संक्रमण देखिएको छ । चिकित्सकहरुका अनुसार, डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ गरी चार सेरोटाइपिङका भाइरस हुनेगर्छ । नेपालमा १८ वर्षअघि सन् २००४ मा डेंगु देखिएको थियो । त्यस यता वर्षायाममा लगातार यो संक्रमण देखिने गरेको छ । डेंगुबाट बच्ने उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्ने नै हो । त्यसका लागि लामखुट्टे फैलिन नदिने उपाय खोज्नु समेत उपयुक्त हुन्छ । विशेषगरी ट्यांकी, ड्रम, बाटा लगायतलाई लामखुट्टे छिर्न नसक्नेगरी राख्नु उचित हुन्छ । किनभने यसैबाट लामखुट्टे सर्नेगर्छ ।

# जनतालाई सास्ती कहिलेसम्म ?

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २९ भदौ ।


काठमाडौं उपत्यकामा गाडी जाम हुनु, घण्टौं जाममा बसेर घर वा अफिस पुग्नु नौलो भने होईन । अझ त्यसमा पनि देशका भीआईपी वा विदेशीका भीभीआईपी आउँदा त जनताले जनताले सास्ती खेप्दै आउनु परेको छ । त्यसको उदाहरण हो, चिनियाँ जनकंग्रेस अध्यक्ष ली चान्सको भदौ २७ गतेबाट सुरु भएको ४ दिने नेपाल भ्रमण । अध्यक्ष लीको नेतृत्वमा ६ जना चिनियाँ उच्च अधिकारी, सुरक्षाकर्मी, सञ्चारकर्मी र अन्य स्टाफसहित ६७ सदस्यीय प्रतिनिधिमण्डल नेपाल आएका छन् । जसले गर्दा सर्वसाधारणहरुले घण्टौं जाममा बसेर सास्ती खेप्नु परेको भन्दै सामाजिक सञ्जालमा आलोचना चुलिएको हो । ली चान्सुलाई 'अति विशिष्ट' स्तरको सुरक्षा दिएका कारण बाटो पुरै खाली गर्नुपर्दा सर्वसाधारणले सास्ती भोगेका हुन् । लीको कारकेड चल्ने समयमा उपत्यकाका सडक पुरै खाली गरिएको थियो ।

वैकल्पिक सडक कमजोर छन्, करिडोरका सडक पनि कमजोर छन्, त्यसले गर्दा मुख्य सडकमा चाप परेको हो, तर, यसको नियन्त्रणका लागि जोर विजोर प्रणाली भने लागू गर्न सकिन्थ्यौं' प्रहरी प्रधान – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मिटरब्याजबाट वैदेशिक रोजगारमा जाने युवायुवती पनि पीडित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ भदौ



गृह मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनले वैदेशिक रोजगारको खर्च व्यवस्थापनका लागि युवायुवती मिटर ब्याजीको फन्दामा पर्ने गरेको औंल्याएको छ । गृह मन्त्रालयद्वारा मिटरब्याजसम्बन्धी अपराध नियन्त्रणका लागि वैदेशिक रोजगार विभागका पूर्व महानिर्देशक समेत रहेका सहसचिव डा. भिष्म भुसालको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदनमा मिटरब्याजीले समाजको अन्य पक्षसहित वैदेशिक रोजगारमा जानुपर्ने बाध्यतामा रहेका युवायुवतीलाई पनि शोषण गरेको उल्लेख गरेको छ ।

कार्यदलले गत सोमबार गृहमन्त्री बालकृष्ण खाँणसमक्ष प्रतिवेदन बुझाएको थियो । कार्यदलका सदस्यमा नेपाल प्रहरीका केन्द्रीय अनसुन्धान व्यूरोमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक दिनेश आचार्य, गृह मन्त्रालयका कानून उपसचिव श्रीकृष्ण पौडेल, नेपाल प्रहरीको अपराध अनुसन्धान शाखामा कार्यरत प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला र राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक मुकुन्द मरहट्टा रहेका थिए भने नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोमा कार्यरत प्रहरी नायव उपरीक्षक – बाँकी पृष्ठ २ मा

# चोलेन्द्रले नाम लिएकाहरुसँग आज छलफल

निलम्बित प्रधानन्यायाधीश जबराले बयानका क्रममा बिभिन्न आरोप र लाच्छना लगाउँदै नाम लिएका व्यक्तिहरूले महाअभियोग सिफारिस समितिमा उपस्थित भएर आफ्नो सफाइ पेश गर्नेछन् ।



**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले आफुविरुद्धको महाअभियोग उपरको बयानका क्रममा नाम लिएका व्यक्तिहरूसँग महाअभियोग सिफारिस समितिले आज छलफल गर्दैछ ।

प्रतिनिधिसभाको महाभियोग सिफारिस समिति सचिवालयका अनुसार नेपाल बार एशोसिएसनका निवर्तमान दुई पदाधिकार ीसहित ७ जना कानून व्यवसायीहरूलाई छलफलका लागि बोलाएको छ । महाभियोगमाथि बयानका क्रममा निलम्बित प्रधानन्यायाधीश जबराले नाम लिएका कानून व्यवसायीहरूलाई छलफलमा डाकिएको हो ।

महाअभियोग सिफारिस समितिले संस्थागत रुपमा नभई व्यक्तिगत रुपमा कानून व्यवसायीहरूलाई डाकेको छ । समितिले बारका निवर्तमान अध्यक्ष चण्डेश्वर श्रेष्ठ, महासचिव लिलामणि पौड्याल, बारका पूर्व अध्यक्षहरू शम्भु थापा, हरिहर दाहाललाई डाकेको हो ।

वरिष्ठ अधिवक्ता एवं पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठ र सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष पूर्णमान शाक्यलाई पनि समितिले बोलाएको छ । आफै निवेदन दिएर जबरामाथि जिरह गर्न पाउनुपर्ने माग राखेका अधिवक्ता ओमप्रकाश अर्याललाई पनि समितिले बोलाएको छ ।

बयानका क्रममा जबराले नेपाल बारका निवर्तमान अध्यक्ष चण्डेश्वर श्रेष्ठ र महासचिव लीलामणि पौडेलमाथि न्यायाधीश पदमा भागबण्डा खोजेको आरोप लगाएका थिए । सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष पूर्णमान शाक्यमाथि मुद्दा मिलाउन सिफारिस गरेको आरोप जबराले लगाएका थिए । बयानमा जबराले भनेका छन्, 'तत्कालीन बारका अध्यक्ष र महासचिवले न्यायाधीश माग गर्नुभएको थियो । अर्का पूर्णमान शाक्यको पनि स्वार्थ स्पष्ट थियो । यो विषय बोल्दा पनि नहुने, नबोल्दा पनि नहुने आरोपित भएर बस्नुपर्ने ?' प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै नेपाल बार एशोसिएसनले आन्दोलन नै गरेको थियो । निलम्बित प्रधानन्यायाधीश जबराले वकिलहरूमाथि पनि लाञ्छना लगाएका छन् । उनले वरिष्ठ अधिवक्ता रमण श्रेष्ठलाई नामै लिएर ठालुको संज्ञा दिएका छन् भने अधिवक्ता ओम प्रकाश अर्यालको चरित्रमाथि प्रश्न उठाएका छन् ।

निलम्बित प्रधानन्यायाधीश जबराले बयानका क्रममा बिभिन्न आरोप र लाच्छना लगाउँदै नाम लिएका व्यक्तिहरूले महाअभियोग सिफारिस समितिमा – बाँकी पृष्ठ २ मा

## न्यायाधीशहरू सफाइ दिन नजाने

**सागर तिमल्सिना / मध्यान्ह**
काठमाडौं, २९ भदौ ।

सर्वोच्च अदालतका बहालवाला न्यायाधीशहरू निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले आफूविरुद्ध लागेको अभियोग उपर बयान दिने क्रममा लगाएका आरोपहरूको सफाइ दिन नजाने भएका छन् । बुधबार सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठकले महाभियोग सिफारिस समितिले बोलाएको भए पनि सहभागी हुन नसक्ने निर्णय गरेको हो ।

सर्वोच्च अदालतको आकस्मिक पूर्ण बैठकले संसदीय समितिमा बहालवाला न्यायाधीशहरु उपस्थित हुन नसक्ने निर्णय गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेल भन्छन्, 'केही कारणहरू उल्लेख गरेर बैठकमा सहभागी हुन नसक्ने भनी सर्वोच्च अदालतको पूर्ण बैठकले निर्णय गरेको हो ।'

स्वतन्त्र न्यायपालिका सम्बन्धी मूल्य र मान्यता, संवैधानिक प्रावधान, शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा बहालवाला कामु प्रधानन्यायाधीश र अरु न्यायाधीशहरू बैठकमा उपस्थित हुन नसक्ने भनी निर्णय गरेका हुन् । सर्वोच्च अदालतले पूर्ण बैठकको निर्णय प्रमाणीकरण गरेर बुधबार नै संघीय संसद् सचिवालयमा पत्र पठाइसकेको छ ।

# लालबन्दी र हरिवनमा अतिक्रमित संरचना हटाउन थालियो

**सर्लाही डायरी**
एस.पी.गौरब/मध्यान्ह

सर्लाहीको लालबन्दी र हरिवन नगरपालिकाले लालबन्दी बजार र हरिवन बजारस्थित पूर्व-पश्चिम लोकमार्गको ७५ फिट खाली गराउन शुरु गरेका छन् । लालबन्दी नगरपालिकाका नगर प्रमुख बासुदेव अधिकारी र हरिवन नगरपालिकाका नगर प्रमुख रमेश बुढाथोकी (कमल) ले लोकमार्गमा ७५ फिटभित्रको अतिक्रमण खाली गराउन शुरु गरिएको जानकारी दिए ।



लालबन्दी र हरिवन नगरपालिकाले लालबन्दी बजार र हरिवन बजारस्थित पूर्व-पश्चिम लोकमार्गको ७५ फिट भित्र रहेका तरकारी तथा फलफुलका ठेलागाढा, अटो रिक्सा, मयुरी, म्याजिक, भाडाका सवारी साधनलगायत बजारको व्यवस्थापन र अतिक्रमण हटाउने कार्यको शुरुवात गरिएको हो ।

७५ फिट भित्रको सडक अतिक्रमण हटाउन लालबन्दी नगरपालिकाका नगर प्रमुख र हरिवन नगरपालिकाका नगरप्रमुख बुढाथोकी आफैं सडकमा उत्रिएका छन् ।

त्यस्तै, जिल्लामा अन्य स्थानीय निकायहरुले पनि लोकमार्गको अतिक्रमण खाली गर्न धमाधम सूचना जारी गरिरहेका छन् । जिल्लाको हरिपुर नगरपालिकाले पनि नवलपुर-मलङ्गवा सडक खण्डअन्तर्गत हरिपुर बजार क्षेत्रको अतिक्रमण हटाउने तयारी गरिरहेको नगरप्रमुख गोपाल पंजियारले जानकारी दिए ।

# तीन उद्योग वाणिज्य संघका अध्यक्षहरु सम्मानित

उद्योग वाणिज्य संघ लालबन्दीका अध्यक्ष दिपेन्द्र कुमार बलम्पाकी मगर (दिपक)लाई नेपाल होटल तथा पर्यटन व्यावसायी महासंघ मधेश प्रदेशले सम्मान गरेको छ । उद्योग बाणिज्य संघ लालबन्दीको निर्वाचनबाट अध्यक्ष पदमा निर्वाचित भएका मगरलाई नेपाल होटल तथा पर्यटन व्यावसायी महासंघ मधेश प्रदेशले सम्मान गरेको हो ।

नेपालीहरुको महान चाडं बडादशैं र विश्व पर्यटन दिवश २०२२ को अवसरमा बाराको जितपुर सिमरा उपमहानगरपालिकास्थित होटेल श्रेष्ठ रेसिडेन्सीमा आयोजित एक कार्यक्रममा उद्योग वाणिज्य संघ लालबन्दीका अध्यक्ष मगर, नगर उद्योग वाणिज्य संघ जितपुर सिमराका अध्यक्ष मोहन शर्मा र चन्द्रपुर नगर उद्योग वाणिज्य संघका अध्यक्ष उदय नारायण सापकोटालाई सफल कार्यकालको शुभकामना सहित सम्मान गरिएको नेपाल होटल तथा पर्यटन व्यावसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरा गौतमले जानकारी दिए ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/३०**

**चार्म मेडिसिन प्रा.लि. (Charm Medicine Pvt. Ltd.)**को मिति २०७९/०५/२५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चार्म ट्रेडर्स प्रा.लि. (Charm Traders Pvt. Ltd.)(प्रा. लि. नं.: २९३८९५)**कायम गर्ने गरी मिति २०७९/०५/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## टीआरसी...

पुनले आर्बिटरी किलिङ अर्थात स्वेच्छाचारी हत्या राख्न सकिने बताए । त्यसमा सहमत प्रचण्डले मानवअधिकारको गम्भीर उल्लंघनका मुद्दामा विशेष अदालतले गर्ने फैसलाविरुद्ध पुनरावेदनमा जाने व्यवस्था राख्न सकिने पनि बताए । सरकारले ल्याएको विधेयकमा पुनरावेदनको व्यवस्था छैन, तर पीडितहरुले त्यसको विरोध गरेका छन् । माओवादी अध्यक्ष प्रचण्डले भने, 'अपीलको कुरा सडकमा पनि उठेको छ, भाषा मिलाएर राखिदिउँ भन्नेमा छु म चाहिँ ।'

तर, फेरि पनि गम्भीर मानव अधिकार उलंघनको घटनामा हत्यालाई राख्नुपर्ने हत्या र स्वइच्छाचारी हत्या भनेर जान नसकिने एमालेको अडानका कारण विधेयक अगाडि बढ्न सकेको छैन् ।

## जनतालाई ...

कार्यालयका एसएसपी दान बहादुर कार्कीले भने । उनले करिडोरका सडक कमजोर हुँदा मुख्य सडकमा चाप परेको बताएका छन् ।

चिनीयाँ जनकंग्रेस अध्यक्ष ली को भ्रमणबारे जानकारी कम हुँदा सडक झनै अस्तब्यस्त भएको महानगरका ट्राफिक विज्ञ सल्लाहकार जगतमान श्रेष्ठ बताउँछन् । 'सूचना प्रवाह कम भयो, चिनियाँ भीआईपी आउने कुरा सर्वसाधारणले थाहा पाए तर, सवारी रुट कसरी मिलाइन्छ कुन-कुन ठाउँको सडक प्रभावित हुन्छन् भनेर सर्वसाधारणलाई सचेत गराइएन' उनले भने । जाम हुने रुटबारे सर्वसाधारणले जानकारी पाएको भए गाडीको चाप घट्ने उनको तर्क छ । ली विमानस्थलबाट सोल्टी होटलतर्फ जाँदा र सभामुख अग्नि प्रसाद सापकोटासँग संसद् भवनमा भेट गर्न जाँदा सो क्षेत्रको ट्राफिक व्यवस्थापन अस्तब्यस्त भएको थियो । त्यस्तै, बुधबार बिहान ९ देखि ११ सम्म वसन्तपुर र भक्तपुर दरबार क्षेत्रको अवलोकन गर्न जाँदा र आउँदा सर्वसाधारणले घण्टौं सास्ती पाए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, चिनका राष्ट्रपति सी र अन्य विदेशी पाउँदा आउँदा सर्वसाधारणले सास्ती बेहोर्नु परेको छ । सरकारले विशिष्ट व्यक्तिहरूको भ्रमणमा हेलिकप्टर प्रयोगबारे छलफल चलाए पनि त्यसको कार्यान्वयन भएको छैन । तसर्थ, जनतालाई सास्ती दिनुभन्दा सावर्जनिक बिदा दिए हुन्थ्यौं भन्ने जनआक्रोश पनि चुलिएको छ ।

## चोलेन्द्रले...

उपस्थित भएर आफ्नो सफाइ पेश गर्नेछन् । यी लगायतका कार्य सकेर जबरालाई पुनः प्रतिप्रश्न गर्ने र बयान सकाउने महाअभियोग सिफारिस समितिको तयारी छ । समिति सदस्यहरू यही महिनाभित्र प्रतिवेदन दिनेगरी काम गरिरहेको बताउँछन् ।

## मिटरब्याजबाट...

रोशन खड्का सदस्य सचिव थिए । मन्त्रालयले मिटरब्याजीको नाम रहेको अनुसूची गोप्य राखेर प्रतिवेदनको मुल अंश बुधबार सार्वजनिक गरेको छ । प्रतिवेदनको पृष्ठ १२ मा ऋणीले मिटरब्याजीबाट ऋण लिने प्रयोजन उल्लेख छ । ऋण लिनुपर्ने कारणमा प्रतिवेदनले पहिलो नम्बरमा वैदेशिक रोजगारमा जानका लागि खर्च व्यवस्थापन गर्न उल्लेख गरेको छ ।

दोश्रो नम्बरमा बिरामी हुँदा उपचार खर्च, त्यसपछि क्रमशः छोराछोरीको विवाह, ब्रतवन्ध, किरिया खर्च, चाडबाड खर्चलगायत सामाजिक संस्कारको खर्च, छोराछोरीको पढाइ खर्च, जग्गा जमिन खरिद गर्न, मुद्दा मामिला गर्न, बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न जस्ता कारण उल्लेख छ ।

वैदेशिक रोजगारमा जान युवायुवतीले सानोतिनो ऋण लिए पनि साहुले चार पाँच दोब्बरको कागज बनाउने पहिलेदेखि नै चर्चा थियो । कार्यदलले मिटरब्याजी समस्या बढी भएका जिल्लाहरूमा स्थलगत भ्रमण गरी पीडितहरूसँग छलफल गरी समस्याका कारकहरू तथा समाधानका उपायहरू सिफारिस गरेको बताएको छ ।

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

**दुम्किवास, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७९/५/३०**

गण्डकी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | विनयी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय<br>दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल |
| **प्रस्तावको व्यहोरा** | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको विनयी त्रिवेणी गाउँपालिका क्षेत्रमा पर्ने विनयी खोलाको वगुवन देखि इट्टा भट्टा सम्मको खण्ड, इट्टा भट्टा देखि हाईवे पुल माथि सम्मको खण्ड, हाइवे पूल देखि सि.जी सिमेन्ट सम्मको खण्ड, सि.जी सिमेन्ट देखि चोखाघाट सम्मको खण्ड, सिलौतेघाट पूल देखि पाखापानी सम्मको खण्ड, पाखापानी देखि मसान मजुवा सम्मको खण्ड र गंगटेखोलाको बगर क्षेत्रबाट ढुंगा, गिट्टि, बालुवा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् कार्यको लागि गरिने प्रारम्भिक वातावरण परीक्षण । |
| **प्रभाव पर्न सक्ने गाँउपालिकाका क्षेत्रहरु** | विनयी त्रिवेणी गाउँपालिका अन्तर्गतको वडा नं. १,२,३,४,५ र आसपासको क्षेत्र |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई हुने भएकोले सरोकारवाला सबैमा उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रमः**

| | |
|---|---|
| मितिः २०७९/०५/०५<br>समयः दिउसको १ बजे<br>स्थानः विनयी त्रिवेणी गाउँपालिकाको प्रांगण, दुम्किवास | प्रस्तावकः<br>विनयी त्रिवेणी गाउँपालिका, दुम्किवास, नवलपरासी (बर्दघाट सूस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल<br>फोन नं :०७८-४१६१८२, ९८५७०४६८२१<br>इमेल : ito.binayitrivenimun@gmail.com |

**प्रमुख प्रशासकीय अधिकृत**

## रोहिणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**धकधई, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

**सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/३०**

यस कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा (१) क (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) २०७३ को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ्ग बिधिबाट खरिद गर्नुपर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम (२) बमोजिम उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा क्याटलग सपिङ्ग खरिद गर्ने कार्यविधि २०७४ को दफा (ख) अनुसार देहाय बमोजिमको सवारी साधन बिक्रि गर्न चाहने उत्पादक वा आधिकारीक बिक्रेताले आ-आफ्नो उत्पादनको आधिकारीक स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको बिवरण (क्याटलग वा ब्रेसर), संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले (७) सात दिन भित्र यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक वा बिक्रेताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सवारी साधनको विवरण**

| सि.नं. | सवारी साधन | संक्षिप्त विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | Double Cab Pick-Up 4WD | Turbo charged inter cooled diesel engine not less than 1900cc developing max. rated power output not less than 140HP and torque should not be less than 320 NM | (१) एक | यस सम्बन्धी बिस्तृत जानकारीका लागी कार्यालयमा संम्पर्क गर्नुहुन । |

**दरखास्त साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु** : सम्बन्धित क्षेत्रमा काम गर्ने फर्म दर्ता प्रमाण पत्र, आ.व. २०७९/०८० सम्मको लीग फर्म नविकरण भएको प्रमाण पत्र, उत्पादक वा आधिकारीक बिक्रेताको प्रमाण पत्र (Authorization Letter) र आ.व. २०७७/०७८ सम्मको करचुक्ता प्रमाण प्रत्रको प्रमाणित प्रतिलिपिहरु ।

**प्रमुख प्रशासकीय अधिकृत**

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**उर्लाबारी, मोरङ**
**१ नं. प्रदेश, नेपाल**

**E-BID मार्फत शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९।०५।३०**

यस उर्लाबारी नगरपालिकामा आ.व. २०७९।०८० मा उर्लाबारी नगरपालिकाको कार्यालयमा स्कुटर तथा मोटरसाईकल खरिदको लागि शिलवन्दी दरभाउपत्र नं. ०२/०७९/०८० मिति २०७९।०५।३० मा E-BID मार्फत दोस्रो पटक बोलपत्र आव्हान गरिएकोले यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जनकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/epg वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## कतारमा रोजगार

कम्पनी : GOLDEN INTERNATIONAL DELIVERY
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७६७१ LT. No.: 271948

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Biker Rider) | 12 | 0 | स. काममा दक्ष | 1400 | ४८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ६ र ७ गते (22 & 23 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**LIFE KEY OVERSEAS PVT. LTD**
Gov. Lic No. 1431/074/075
Bausndhara, Kathmandu, Nepal. Tel : 01-4353654, 4351873. Mobile: 9841969451, 9801230913, 9851171058
E-mail : lifekeyoverseas@gmail.com, Web : www.lifekeyoverseas.com.np

## मलेसियामा रोजगार

कम्पनीः RESTORAN UNCLE CHUA SIGNATURE
शहरः Malaysia,TERENGGANU

पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७६८७ LT. No.: 271935

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ असोज ६ गते (22 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।**

**NICE OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. १०८९/०७३/०७४
Dhobighat-3, New Colony, Lalitpur, Tel.: 1-5435529 / 5435629 / 9851193062 / 9749800678
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHIMASYAH INTERNATIONAL GENERAL TRADING AND CONTRACTING CO. WLL शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०१/१० चलानी नं.: ६०१७८३५७ L.T. No.: 262049 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Helper (Indoor) | 36 | 100 | सम्बन्धित काममा दक्ष | 85 | ३३,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 15 | 0 | | 170 | ६७,७०४ | | | | | | | |
| 3. | Hospital Cleaner Labour (Indoor) | 17 | 150 | | 85 | ३३,८५२ | | | | | | | |
| 4. | Normal Hospital Labour (Indoor) | 134 | 0 | | 85 | ३३,८५२ | | | | | | | |
| 5. | Sweeper Helper (Indoor) | 95 | 0 | | 85 | ३३,८५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ६ गते (22 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि)
Govt. Lic. No. 1156/073/074
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोनः ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३

## लमजुङ जिल्ला राइनास नगरपालिकाको कोल्ड स्टोरेज (Cold storage) निर्माण कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाईको लागि आव्हान गरिएको सूचना

**(प्रकाशित मिति : २०७९/०५/३०)**

गण्डकी प्रदेश, लमजुङ जिल्ला राइनास नगरपालिकामा राइनास नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | राइनास नगरपालिका, राइनास-५, लमजुङ<br>फोन नं.: +९७७-०६६-६९०६००, ९८५६०१३१११<br>इमेलः rainasmunicipality@gmail.com |
| **प्रस्तावको व्यहोरा** | कोल्ड स्टोरेज (Cold storage) निर्माण गर्ने |
| **प्रभाव पर्न सक्ने जिल्ला/ नगरपालिका** | लमजुङ जिल्ला, राइनास नगरपालिका वडा नं. ६ |

माथि उल्लेखित प्रस्तावको मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा छ । वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ एवम् गण्डकी प्रदेश - प्रदेश वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार उक्त प्रतिवेदन स्वीकृतिको लागि वातावरणीय सवालबारे राय-सुझाव संकलन गर्नुपर्ने भएकाले स्थानीय जनता, संघ-संस्थाको प्रतिनिधिहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनिधिहरुका बीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बारे सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सर्वाजनिक सुनुवाई हुने स्थान, मिति र समयः**
**मिति : २०७९/०६/०९, आइतबार**
**समय : दिउँसो ०२:०० बजे**
**स्थान : आयोजना स्थल**

| आयोजक | परामर्शदाता |
|---|---|
| **राइनास नगरपालिका**<br>**राइनास-५, लमजुङ**<br>**फोन नं.: +९७७-०६६-६९०६००, ९८५६०१३१११**<br>**इमेलः rainasmunicipality@gmail=com** | **युनिक डिजाइन एण्ड डेभेलप्मेन्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि.**<br>**सानेपा, ललितपुर**<br>**फोन नं. +९७७ ९८५१२०३५८१**<br>**ईमेलः uddec01@gmail=com** |

# गायिका श्रीपालले दिइन् न्याय र सुरक्षाको माग गर्दै उजुरी



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २९ भदौ

करिब एक महिना पहिले आफ्नो सांगीतिक प्रस्तुति दिन जापान पुगेकी लोक तथा दोहोरी गायिका अमृता श्रीपालमाथि यौन दुर्व्यवहार भएको घटना बाहिरिएको छ । गायिकालाई स्पोन्सर गरी जापान लैजाने ओसाका कोबेस्थित धौलागिरि दोहोरी साँझका सञ्चालक धन थापाले हातपात, यौन दुर्व्यवहार एवम् ज्यान मार्ने धम्की दिएको घटना बाहिरिएको हो ।

आफ्नो जिउ ज्यानको रक्षा र न्यायका लागि म्याग्दी प्रवासी नेपाली संघ (मोना) जापान र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जापान शाखासमक्ष निवेदन दिइसकेको गायिकाले मध्यान्हसँगको कुराकानीमा बताइन् । उनले आफूलाई अति पीडा दिएको हुँदा पीडा दिने भन्दा सहने झन् अपराधी हुन सक्ने महसुस गर्दै आफ्नो अस्तित्व रक्षाका लागि आफूले आवाज उठाएको बताइन् । नेपाल हुन्जेल बहिनी भनेर अति नै माया देखाएका थापाले जापान आएको केही समयदेखि नै दुर्व्यवहार प्रयास गर्दै नैतिक, भौतिक र शारीरिकरूपमा यातना दिने गरेको बताइन् ।

थापाले आफूलाई जापानमा र नेपाल (म्याग्दी) मा रहेको परिवारलाई समेत मार्ने धम्की दिने गरेको हुँदा आफूलाई मानसिक पीडा, सामाजिक इज्जत, सांगीतिक करियरमा असर पर्नका साथै चरित्र हत्याको पीडाले अति धेरै पीडित बनेको निवेदनमा उल्लेख गरेकी छिन् ।

निवेदनमा जनाए अनुसार आफ्नो स्वार्थ पूरा नहुँदा ११ सेप्टेम्बरमा पनि भौतिकरूपमा थापाले आक्रमण गरेपछि आफ्नो ज्यान बचाउँदै ओसकामा एक घरमा शरण लिई लुकीछिपी बसी रहेको हुँदा आफूलाई न्याय दिलाई दिन र जिउ ज्यानको सुरक्षा ग्यारेन्टी गरिदिनका लागि अपिल गरेकी छिन् ।

श्रीपालले निवेदन दिएको पुष्टि गर्दै मोना जापानले एक प्रेस विज्ञप्ति जारी गर्दै 'निज थापाको उक्त घृणित एवं निन्दनीय कार्यको घोर भर्त्सना गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'दोहोरी साँझको नाममा नेपालबाट कलाकार बोलाएर यस्ता हर्कत विगतमा पनि गर्दै आएको बुझिएकोले निजको नियतमै खोट रहेको घटनाक्रमहरूबाट प्रस्ट हुन्छ । सामाजिक एवं न्यायिक सुरक्षाको ग्यारेन्टी भएको देश जापानमा बस्दै गर्दा त्यो हदको ज्यादतीको जति नै निन्दा गरे पनि थोरै हुने व्यहोरा स्पष्ट पार्न चाहन्छौं । एक पटक होइन पटक-पटक ज्यान मार्ने धम्की दिने निज थापाबाट ज्यान जोगाउन पीडित गायिका श्रीपाल भागेर हाल आफन्तको शरणमा बसिरहेको अवस्था छ । भविष्यमा पनि यस्तै ज्यादतीपूर्ण अमानवीय व्यवहार कसैमाथि नदोहोरियोस् भन्ने उद्देश्यले सम्बन्धित सबैलाई सचेत गराउन चाहन्छौं ।'

यता प्रतिष्ठान जापान शाखाले निवेदन प्राप्त भएको पुष्टि गर्दै विभिन्न सञ्चारमाध्यमबाट आएको समाचार र संघ संस्थाले जारी गरेको विज्ञप्ति जस्तै प्रतिष्ठान जापान शाखामा निवेदन परेकै दिनदेखि सत्य तथ्य पत्ता लगाउन दुबै पक्षसँग निरन्तर छलफल गरिरहेको जानकारी गराएको छ ।

गायिका श्रीपालले आरोप लगाएका धन थापाले भने यो विषयलाई खण्डन गरेका छन् । उनले बुधवार राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठानमा निवेदन दिँदै गायिका श्रीपाल लगायत कलाकारलाई आफूले धौलागिरि दोहोरी साँझमा कार्यक्रमका लागि ल्याएको, तर सम्झौता विपरीत अन्य क्लब र दोहोरी साँझमा समेत गाउँदै हिँडेकाले सामान्यरूपमा सम्झाएको बताएका छन् ।

# शिक्षक सरुवाको विषयलाई लिएर प्रदर्शन

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, २९ भदौ



रामग्राम नगरपालिकाले नगरभित्रका ३५ जना शिक्षकहरुको एकैपटक सरुवा गरेपछि शिक्षक तथा विद्यार्थीहरु आन्दोलित बनेका छन् । शिक्षक सरुवाको विषयलाई लिएर उनीहरुले नगरपालिकाको कार्यालय घेराउ गर्दै प्रदर्शन गरेका छन् ।

रामग्राम नगरपालिकाभित्र रहेका ३८ वटा विद्यालयका ३५ जना शिक्षकहरुलाई नगर शिक्षा समितिले निर्णय गरी शिक्षकहरुलाई सरुवा गरेको थियो । रामग्राम नगरपालीकाका सूचना अधिकारी राम सुबास गुप्ताले १७/१८ वर्षदेखि एउटै विद्यालयमा राजनीति गरेर बसेका शिक्षकहरु आन्दोलमा उत्रिएको बताए । शैक्षिक गुणस्तर बनाउन र सुधारका लागि शिक्षकहरुको सरुवा गरिएको उनले जानकारी दिए ।

शिक्षकहरुले बाल दिवसको अवसरमा विद्यार्थीलाई परिचालन गरेर अन्दोलन गरिएको भन्दै अभिभावकहरुले नगरपालिकामा उजुरी दिएका नगर प्रमुख धनपत यादवले बताए । यादवका अनुसार रामग्राम नगरपालिका भित्र पर्ने सबै समुदायिक विद्यालयहरुबाट एकै पटक शिक्षकहरुको सरुवा भएको उनले जानकारी दिए ।

विद्यार्थीको बिरोध प्रदर्शनका कारण नगरपालिकाले बाल दिवसका अवसरमा आयोजना गरेको कार्यक्रम प्रभावित बनेको थियो । नगरपालिकाको प्राङ्गणमा विद्यार्थीले विरोध प्रदर्शन गर्दा प्रहरीले धरपकड गरेको थियो । शैक्षिक सत्रको मध्य समयमा शिक्षक सरुवा गर्दा अध्ययन अध्यापन प्रभावित भएको भन्दै विद्यार्थीहरूले विरोधमा उत्रिनुपरेको बताएका छन् ।

## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**महादेवस्थान, काभ्रे**
**बागमती प्रदेश,नेपाल ।**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७९।०५।३०)**

यस नगरपालिकाको मिति २०७९।०५।०६ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिकाको आ.व. २०७९।०८० मा विज्ञापन र सूचना प्रकाशनको लागि दरभाउपत्र आह्वानको सूचना मार्फत प्राप्त दरभाउपत्रहरुको प्रस्ताव मिति २०७९।०५।२१ गते खोलिएकोमा उक्त दरभाउपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मुल्याङ्कन गरि मुल्याङ्कन समितिले प्रक्रियागत रुपमा पेश गरेको प्रतिवेदन अनुसार सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिम दरभाउपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रहरुलाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं | पत्रिकाको नाम | छनौट भएको दरभाउपत्रदाताको नाम/ठेगाना |
|---|---|---|
| १ | प्रभाव दैनिक | आर .आर एड मिडिया |

**प्रमुख प्रशासकीय अधिकृत**

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०५/३०**

यस नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएको ले इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी, संस्थाले रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस नगरपालिकाको website: www.thakurbabamun.gov.np मा राखिएको कागजातबाट प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालय समय भित्र पशु सेवा उपशाखाको सर्म्पक नं. ९८४४८८७९६२ मा सम्पर्क गर्न सकिनेछ ।

**तपशिलः**

| ठेक्का प्रकाशित मिति | ठेक्का नं. | विवरण | शिलबन्दी दर भाउपत्र दस्तुर | जमानत रकम | अनुमानित लागत अनुमान |
|---|---|---|---|---|---|
| 2079/05/30 | TBM/G/SQ-02/079/80 | Supply and Delivery of animal Medicine and vet Items | 1,000 | 21,000 | 8,00,000 |

**प्रमुख प्रशासकीय अधिकृत**

## मलेसियामा रोजगार
कम्पनीः ELUMINAS ENGINEERING SDN BHD
शहर : Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०५/२७ | चलानी नं.: ६०१८७६८१ | LT. No.: 271761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 75 | 0 | स. काममा दक्ष | 1500 | ४२,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ६ गते (22 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ANAMOL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: 4479756, Post Box: 8975, Fax: 4479756, Mob: 9851060556
E-mail : anamoloverseas@gmail.com, Web.: www.overseasanamol.com
श्रम ई. पत्र नं.: ५६३/०६२/०६३

## अंग्रेजी भाषा र सम्बन्धीत काममा राम्रो दख्खल भएकाहरूलाई KUWAIT को Kuwait Oil Company (KOC) मा रोजगार

कम्पनी : LAMAC PLUS GENERAL TRADING AND CONT.CO | शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०५/०२ | चलानी नं.: ६०१८५७३९ | LT. No.: 269961 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chefs | 4 | 0 | स. काममा दक्ष | 250 | १,०३,२९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Indoor) | 20 | 0 | | 100 | ४१,३१९ | | | | | | | |
| 3. | Delivery | 4 | 0 | | 120 | ४९,५८२ | | | | | | | |
| 4. | Juice Maker | 1 | 0 | | 200 | ८२,६३८ | | | | | | | |
| 5. | Kitchen Helper | 5 | 0 | | 100 | ४१,३१९ | | | | | | | |
| 6. | Labours (Indoor) | 20 | 0 | | 100 | ४१,३१९ | | | | | | | |
| 7. | Maitr | 1 | 0 | | 350 | १,४४,६१६ | | | | | | | |
| 8. | Meals Distributers | 10 | 0 | | 120 | ४९,५८२ | | | | | | | |
| 9. | Night Waiter | 10 | 0 | | 180 | ७४,३७४ | | | | | | | |
| 10. | Pastry Chef | 1 | 0 | | 400 | १,६५,२७६ | | | | | | | |
| 11. | Sue Chefs | 4 | 0 | | 200 | ८२,६३८ | | | | | | | |
| 12. | Waiters (Males Indoor) | 30 | 0 | | 120 | ४९,५८२ | | | | | | | |

**Pre-Interview मेनपावर कार्यालयमा धमाधम भैरहेको छ ।**

मेनपावरको शाखा कार्यालय झापामा २०७९ असोज ३ गते (19 Sept. 2022) मा हुनेछ ।
होटेल ईर्स्टन प्यालेस, इटहरीमा २०७९ असोज ४ गते (20 Sept. 2022) मा हुनेछ ।
राइनो जब टेर्निङ सोलुसन, पोखरा कास्कीमा २०७९ असोज ५ गते (21 Sept. 2022) मा हुनेछ ।
Prakash Institute of Technology, जनकपुरमा २०७९ असोज २ गते (18 Sept. 2022) मा हुनेछ ।

फाईनल अन्तर्वार्ता दियो ब्याङ्क्युट, धुम्बराही, काठमाडौंमा २०७९ असोज ६ र ७ गते (22 & 23 Sept. 2022) मा हुनेछ ।

नोटः प्रि अन्तर्वार्तामा पास भएका उम्मेदवारहरूले मात्र फाईनल अन्तर्वार्ता दिन सक्नेछन ।

नोटः उमेरः २२ देखि ३५ वर्ष सम्म हुनुपर्ने, पासपोर्टको म्याद कम्तीमा ३ वषेको हुनुपर्ने छ र सक्कल राहदनी, सर्टिफिकेट, अनुभवको प्रमाणपत्र, बायोडाटा अनिवार्य हुनुपर्ने । सम्बन्धीत काममा कम्तीमा २ वर्ष काम गरेको हुनुपर्ने छ । GCC Return पहिलो प्राथमिकता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदारले तिर्ने | कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**टि. जि. एल. नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ८५३/०६६/०६७
प्रेम वस्ती बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोनः ४३८८६०६ फ्याक्सः ५९०६२५३
Email: tglnepal@gmail.com झापा सम्पर्क नंः ९८५११२६६०४ ,९८५२६७४६२८, ९८०११२८८११
इटहरी सम्पर्क नंः ९८२१७०८२७७ ,९८२७००७७३८, पोखरा सम्पर्क नः ९८०२८५५०७६
जनकपुर सम्पर्क नः ९८५४०२९७१५, ९८०१०४६३५५
Head office No. 9841958101, 9861188814, 9807964902, 9801096699

## मेरिङदेन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सान्थाक्रा, ताप्लेजुङ**

### आ.व. २०७९/८० को आन्तरिक आय ठेक्का बन्दोवस्त सम्बन्धि सिलबन्दि दरभाउपत्र आव्हानको सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०५।३०**

मेरिङदेन गाउँपालिकाको कार्यालय, ताप्लेजुङले आ.व.२०७९/८० को लागि तोकिए बमोजिमको आन्तरिक आय संकलन (ढुंगा, गिटी, वालुवा, रोडा, ग्राभेल आदिको बिक्री कर) ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले सो सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको विस्तृत सूचना यस कार्यालय, ताप्लेजुङलको सूचना पाटीमा टाँस गरिएको छ । साथै यस कार्यालयको वेवसाइट www.meringdenmun.gov.np मा विस्तुत सुचना हेर्न सकिनेछ । प्रचलित नेपाल कानून बमोजिम ईच्छुक योग्य ठेकेदार, फर्म वा कम्पनीबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित तोकिएको समय अवधिमा कार्यालयबाट फर्म खरीद गरी दाखिला गर्नु हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**(प्रमुख प्रशासकिय अधिकृत)**

## दुधौली नगरपालिका
**वडा.नं. ०५, घारीथुम्सी सिन्धुली**
**बागमती प्रदेश**

### कमलामई चिम्नी ईट्टाभट्टा उधोग स्थापना र सञ्चालनको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिका लागि सार्वजनिक सूचना

**(प्रकाशन मितिः २०७९/०५ ३०)**

प्रस्तावित ईट्टा उधोग आयोजना, नगरपालिकाको वडा नं ५ कित्ता नं. १२८ र १२ ९ को जग्गामा माटोको ईट्टा, बालुवा, सिमेन्ट, डण्डी तथा गिट्टीबाट बनाइने विभिन्न किसिमका सामाग्रीको उत्पादन गर्ने उद्धेश्य रहेको कमलामई चिम्नी ईट्टाभट्टा उधोग प्रा.लि. को कार्यसूची बागमती प्रदेश मा.मन्त्रिस्तरीय मिति २०७९/०४/१८ मा स्वीकृत भएको व्यहोरा जानकारी गराउदै, उत्पादित सामाग्री जिल्ला भित्र तथा बाहिर बिक्रि वितरण गर्नु पूर्व वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश) तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुरुप आवश्यक देखिएकोले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अध्ययन प्रतिवेदनका लागि प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनको क्रममा प्रस्तावित आयोजना तथा सोको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थालाई जानकारी दिने तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक रायसुझावहरु लिने उदेश्यले निम्न मिति, समय र स्थानमा संचालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुन् सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मिति** : २०७९ ०६ १३     **समय** : बिहान ११ बज
**स्थान** : उधोग रहेको स्थान, दुधौली न.पा., वडा नं. ०५

मध्यान्ह
www.madhyanhadaily.com
३० भदौ २०७९, बिहीबार
15 September 2022, Thursday

## सम्पादकीय

# गुमेको गल्ती सच्याउने अवसर


संसदको महाअभियोय सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको बयानमाथि थप छलफल अगाडि बढाएको छ । जबराले बयानमा क्रममा नाम लिएका व्यक्तिहरूसँग समितिले आज छलफल गर्दैछ । यसपछि जबराको बयान र त्यससँग जोडिएका व्यक्तिहरूको राय टिप्पणी सहितको प्रतिवेदन तयार पार्नेछ । १ फागुन २०७८ मा संसदका ९८ सांसदले जबरालाई महाअभियोग लगाएका थिए । महाअभियोग लगत्तै निलम्बित भएका जबराको बयान भने ६ महिना पछाडि मात्रै लिइएको छ । प्रतिनिधिसभाको कार्यकाल सकिनै लाग्दा अगाडि बढाइएको महाअभियोगमाथिको छलफल निष्कर्ष नपुग्ने लगभग पक्का छ । किनकि आगामी १ असोजमै प्रतिनिधिसभाको कार्यकाल सकिने नजीर कार्यान्वयन हुँदैछ । अहिलेसम्म बयान र त्यसउपर छलफल नै नसकिएकाले निर्णयार्थ प्रतिनिधिसभामा प्रस्तुत हुने अवस्था छैन ।

तर जबराले दिएको बयान भने संसदीय अभिलेख सधैं रहनेछ । यसको अर्थ जबराको महाअभियोग निर्णयार्थ पेश नभएपनि उनले दिएको बयान मुलुककै इतिहासमा नजीर बनेर बस्नेछ । त्यसैले यहाँ जबराले दिएको बयान र त्यसउपर चलेको छलफलको अन्तर्वस्तुबारे कुरा गर्नु मनासिब छ । जबराकै बयानको चर्चा गर्दा उनले आफूमाथि सोधिएको प्रश्नको जवाफ दिएका छैनन् । बरू बयानका क्रममा अरू राजनीतिक नेतृत्व, सर्वोच्च अदालतको नेतृत्व र न्यायाधीशहरू, पूर्वप्रधानन्यायाधीश, पूर्वन्यायाधीश र अधिवक्ताहरूमाथि प्रतिआरोप लगाएका छन् । कतिपय आरोपमा जबराबाट आरोपितले संभवतः संसदीय अभिलेखमा जवाफको मौका पाउने छैनन् । तर जबराले लगाएको आरोपले भने हाम्रो राजनीतिक नेतृत्व, न्यायालयको अवस्था र अधिवक्ताहरूको नियतमाथि गम्भीर प्रश्न उठ्छ । त्यसमाथि थप अध्ययन र निष्कर्षमा पुग्न जरूरी देखिन्छ ।

तर संभवतः जबराले उठाएका विषयमाथि थप छलफल हुनेवाला छैन, जबराको मुद्दा पनि निष्कर्षमा पुग्ने छैन । जबरा सर्वोच्च फर्कने वा नफर्कने भन्ने अलग विषय भयो । त्यो भन्दा पनि जबरालाई महाअभियोग लगाइसकेपछि निष्कर्षसम्म नलैजाने सत्तारूढ सांसदहरू, महाअभियोगलाई निष्कर्षमा लैजान साथ नदिने प्रतिपक्षी अनि प्रतिपक्षीसँग घाँटी जोडेर दिएको जबराको जवाफले वर्तमान व्यवस्था नै कमजोर पार्ने खतरा बढ्नेछ । एकअर्का विरूद्ध हिलो छ्याप्ने, तर कसैले पनि जिम्मेवार नबन्ने प्रवृत्तिले संवैधानिक सर्वोच्चता कमजोर हुनेछ । व्यक्तिको स्वच्छेचारिता र गैरजिम्मेवारीपन थप उदांगो हुनेछ । संवैधानिक संस्था र राजनीतिक नेतृत्वप्रतिको विश्वास कमजोर हुनेछ, यो गल्ती सच्याउने अवसर लगभग गुमिसकेको छ । यदि यस्तो गल्ती सच्याउने तत्परता हुन्थ्यो भने पहिलो, प्रश्न उठेपछि जबरा स्वयम्ले राजीनामा दिनुपर्थ्यो । जबराले राजीनामा दिएको अवस्थामा राष्ट्रिय सहमतिमा निकास खोजिने थियो, तर दलहरूले त्यस्तो कार्यका निम्ति सामान्य पहलकदमी समेत गरेन ।

# शिक्षा क्षेत्रको समस्या र समाधान

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल



